मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

नेपालको तराई क्षेत्र मनाइने जितिया पर्वको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

'जितिया पर्व' नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मधेशी तथा थारु समुदायका महिलाहरूले आफ्नो सन्तानको सुख र समृद्धिका निमित्त मनाइने एउटा महत्वपूर्ण पर्व हो । प्रत्येक वर्ष आश्विन कृष्ण पक्षको अष्टमी तिथिका दिन मधेशी तथा थारु महिलाहरूले सन्तानको सुख, शान्ति, आरोग्य र चिरायुको कामना गर्दै निराहार कठोर व्रत बसी लोक देवता जिमुतवाहनको कथा सुन्ने एवम् नाचगान गरी रमाइलोसँग मनाउने परम्परा रहेको छ । जितिया पर्वको मुख्य उद्देश्य मोक्ष प्राप्तिको कामनासँगै परिवारको कल्याण पनि रहेको मान्यता छ ।

नेपाल सदियौँदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुकका रूपमा रहेको छ । यो कुरालाई नेपालको संविधानले समेत स्वीकार गरेको छ । त्यतिमात्र होइन यो विविधता नेपाल र नेपालीको पहिचान, गहना र सम्पत्तिसमेत बनिसकेको छ । त्यसैले सबै भाषा, धर्म, संस्कृति, चाडपर्वको संरक्षण एवम् सम्बर्द्धन गर्नु राज्य र सम्पूर्ण नेपालीको साझा दायित्व हो । हाम्रा सबै पर्वहरू राष्ट्रिय एकताको माध्यम बन्न सकुन् र यी पर्वहरूबाट सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने अपेक्षासहित फेरि पनि संसारभरि फैलिएर रहेका नेपाली दिदीबहिनी, दाजुभाइहरूमा जितिया पर्वका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८१ असोज ९ गते बुधबार

हिक्मतकुमार कार्की
मुख्यमन्त्री

मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६
ईमेल:- info.ocmcm@p1.gov.np